# सुनकोशी गाउँपालिका भू-उपयोग योजना
# २०८०

**सुनकोशी गाउँपालिका**


सुनकोशी गाउँकार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक

## मस्यौदा प्रतिवेदन

<u>तयारकर्ता:</u>
एम्बियन्स कन्सल्ट प्रा.लि.
काठमडौं महानगरपालिका वडा नं.-१, नक्साल
काठमाडौं, नेपाल

मितिः २०८० जेष्ठ

# सुनकोशि गाउँपालिका




*स्रोत:- नापी विभागबाट प्राप्त डिजिटल नक्सा*

AMBIENCE CONSULT PVT. LTD.

# विषयसुची

१ पृष्ठभूमि.......................................................................................................................३

२ उद्देश्य...........................................................................................................................४

३ भूमि उपयोग वर्गीकरणको लागि संक्षिप्त विधि........................................................................४

४ अध्ययनको क्षेत्र ................................................................................................................५

५ मौजुदा भूउपयोग नक्सा- ...................................................................................................६

६ भू-उपयोग क्षेत्र नक्सा ........................................................................................................७

७ भूउपयोग क्षेत्र-, परिभाषा र वर्गीकरणका मापदण्ड र आधारहरु..................................................७

८ भूउपयोग वर्गीकरणका सिमा र सर्तहरु- ...............................................................................११

९ वर्गीकृत जग्गाको चार किल्ला सीमाङ्कन तथा नक्सा रेखाङ्कन..................................................१४

सुनकोशि गाउँपालिकाको भू-उपयोग योजना.............................................................................१५

सुनकोशि गाउँपालिका भित्रका कित्ता जग्गाहरुको कित्तागत भूउपयोग क्षेत्र वर्गिकरण विवरण- ................३०

# १ पृष्ठभूमि

सामाजिक तथा आर्थिक कृयाकलापको लागि जमिनको कुन रुपमा उपयोग भैरहेको छ भन्ने विषयमा गरीएको विश्लेषणलाई नै भू–उपयोग भनेर बुझिन्छ। स्थानिय, क्षेत्रिय तथा राष्ट्रिय स्तरमा बन्ने कुनै पनि योजना, बनेका योजनाहरुको व्यवस्थापन र अनुगमनमा भू–उपयोगीता सम्बन्धि नीति र योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस्ता किसिमका जानकारीहरुले एकातर्फ भू–उपयोगीता सम्बन्धि विविध पक्षहरुको बारेमा उचित बुझाई सिर्जना गर्ने भूमिका खेल्दछ भने अर्को तर्फ विकासका लागि आवश्यक योजनाहरु सम्बन्धि निति तथा कार्यक्रमहरु तर्जुमा गर्ने विषयमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । दिगो विकासको सुनिश्चितताको लागि निश्चित अवधिमा विद्यमान भू–उपयोगीता तथा land cover प्रकृयालाई विश्लेषण गर्नु आवश्यक देखिन्छ ।

नेपाल सरकारले वि.सं. २०६९ को भू–उपयोग निति तथा महा भूकम्प २०७२ र नेपालको विभिन्न स्थानहरुमा यसले निम्त्याएको क्षतिको समिक्षा पश्चात् २०७२ भाद्र २३ मा भू–उपयोग निति २०७२ पास गरेको छ । यस नितिले भूविज्ञान अनूसार जमिनको क्षमता तथा उपयुत्तता, विद्यामान भू–उपयोगिता र राष्ट्रको आवश्यकता अनूसार जमिनको व्यवस्थापन गर्ने लक्ष राखेको छ । माथि उल्लेखित लक्ष प्रासिको लागि जमिनलाई जम्मा ११ वर्गमा विभाजन गरीएको छ जस अन्तर्गत कृषि, वन, आवास, व्यापारीक, औधोगिक, खानी तथा खनिज पदार्थ, साँस्कृतिक तथा पुरातात्विक महत्वका विषय, पानीको स्रोत (खोला, ताल आदि), सार्वजनिक उपयोगिता तथा खुल्ला स्थल, निर्माण सामाग्री उत्खनन स्थल र अन्य स्थानहरु पर्दछन् तर हाल भू–उपयोग ऐन २०७६ लागू भएको छ जस अनूसार निर्माण सामाग्रीको उत्खनन स्थल लाई खानि तथा खानिजन्य पदार्थ अन्तर्गत गाभेर जमिनको उपयोगितालाई जम्मा १० भागमा मात्र विभाजित गरीएको छ ।

बढ्दो जनसंख्या, आन्तरिक बसाईंसराई, अव्यवस्थित र बढ्दो सहरीकरण लगायतका कारणले कृषि योग्य जमिन, वन जंगल, सरकारी, सार्वजनिक जग्गा तथा विभिन्न प्राकृतिक श्रोतहरूको अतिक्रमण हनु गई खाद्य सुरक्षा, वातावरणीय सन्तुलन र दिगो विकासमा चुनौती देखा परेको र प्राकृतिक विपद र मानव सिर्जित जोखिमको सुरक्षित र दिगो व्यवस्थापनलाई समेत ध्यान दिनुपर्ने आवश्यकता महसुस गर्दै तर्जुमा भएको राष्ट्रिय भूउपयोग नीति, २०७२ को उद्देश्य अनुरूप भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्न बनेको भूउपयोग ऐन, २०७६ र तत् सम्बन्धि नियमावली, २०७९ को व्यवस्था अनुसार स्थानीय तहले आफ्नो सिमा भित्र रहेका जमिनको वर्गीकरण गर्ने जिम्मेवारी स्थानीय तहले प्राप्त गरेको छ । सोहि अनुरुप भूउपयोग ऐन, २०७६ को दफा

४ को उपदफा १ र भूउपयोग नियमावली, २०७९ को नियम ८ अनुरूप गाउँपालिकाको भू बनौट, भूमिको क्षमता तथा उपयुक्तताभूमिको मौजुदा उपयोग र स्थानीय आवश्यकता समेतको आधारमा गाउँपालिका सिमा भित्रका सम्पूर्ण जग्गाहरूको वडागत रुपमा वर्गीकरण गरी गाउँपालिकाको भूउपयोग योजना, २०८० तयार गरिएको छ ।

# २ उद्देश्य

- ❖ गाउँपालिकाको समग्र भूमिलाई भू-उपयोग ऐन, २०७६को दफा ४(१) को देहाय बमोजिमको भू-उपयोग क्षेत्रहरुमा (Land Use Zone) वर्गीकरण गर्ने ।
- ❖ GIS मार्फत गाउँपालिकाको भू-उपयोग नक्सा अद्यावधिक गर्ने।
- ❖ गाउँपालिकाको भू-उपयोग योजना (Land Use Plan) तर्जुमा गर्ने ।
- ❖ कृषि भूमिको संरक्षण, स्वच्छ, सुन्दर, सुविधा सम्पन्न, वस्ती विकास र दीगो योजनावद्ध शहरीकरण, वन क्षेत्र, प्राकृतिक सम्पदा, जैविक विविधता एवम् ऐतिहासिक, संस्कृतिक, धार्मिक, पुरातात्विक तथा सामरिक महत्वका क्षेत्रको संरक्षणका लागि भू-उपयोग योजनाको आधारमा भूमि तथा भूमिस्रोतको उपयोग सुनिश्चित गर्ने ।
- ❖ कित्तामा आधारित भूमि लगत तयार गर्ने ।
- ❖ भू-उपयोगका आधारमा कित्तागत विवरण तयार गर्ने ।

# ३ भूमि उपयोग वर्गीकरणको लागि संक्षिप्त विधि

- पालिका भित्रको विध्यमान नक्सा, कागजात र डाटाबेसको अध्ययन गर्ने ।
- पालिका भित्रको भू-उपयोग नक्सा र भू-उपग्रह चित्रमा कित्तानापी नक्सा Superimpose गरी A1 साइजमा प्रिन्ट गर्ने ।
- प्रत्येक वडा कार्यालयमा अन्तर्क्रिया कार्यक्रम गरी भू-उपयोग वर्गिकरण योजना तयार गर्ने ।
- कृषि भूमिको संरक्षण, स्वच्छ, सुन्दर, सुविधा सम्पन्न, वस्ती विकास र दीगो योजनावद्ध शहरीकरण, वन क्षेत्र, प्राकृतिक सम्पदा, जैविक विविधता एवम् ऐतिहासिक, संस्कृतिक, धार्मिक, पुरातात्विक तथा सामरिक महत्वका क्षेत्रको संरक्षणका लागि भू-उपयोग योजनाको आधारमा भूमि तथा भूमिस्रोतको उपयोग सुनिश्चित गर्ने ।
- कित्तामा आधारित भूमि लगत तयार गर्ने ।


- स्वीकृत भूउपयोग वर्गीकरण योजना अनुरूप सुनकोशी गाउँपालिकाका सबै वडाहरूको वडा गत भूउपयोग क्षेत्र वर्गीकरणको सीमाङ्कन गरी सो अनुरूप नापि विभागबाट प्रास भूउपयोग नक्सा अद्यावधिक गर्ने ।
- भू-उपयोग वर्गिकरण योजनाको आधारमा कित्तागत विवरण तयार गर्ने ।

## ४ अध्ययनको क्षेत्र

राज्यको पुर्नसंरचनासँगै नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संक्षिप्त वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालीन माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका ६ वटा गा.वि.स.हरु क्रमश : ठोकर्पा, कालिका, यमुनाडाँडा, सुनखानी, थुम्पाखर, पाग्रेटार समावेश गरी जम्मा ७ वडा कायम गरी सुनकोशी गाउँपालिकाको घोषणा गरिएको थियो।


सुनकोशी गाउँपालिका वाग्मती प्रदेशको साबिकको सिन्धुपाल्चोक जिल्लामा अबस्थित छ। यस गाउँपालिकाको क्षेत्रफल ७२.८४ वर्ग किलो मिटर रहेको छ भने २०७८ सालको जनगणना अनुसार १५३०७ जनसंख्या रहेको छ । यस गाउँपालिकामा अधिकांशको कार्यक्षेत्र जलस्रोत, पर्यटन, कृषि र व्यापार रहेको छ । साथै यो गाउँपालिका कफी ब्यवसायमा प्रचुर सम्भावना बोकेको छ । यस गाउँपालिकामा विशेष गरी हिन्दु र बौद्ध धर्मावालम्वीहरुको बसोबास रहेको छ । यहाँ ब्राह्मण, क्षेत्री र तामाङ्ग जातिको वाहुल्यता रहेको छ । यहाँका नागरिकहरुले कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा ऐतिहासिक काल बाटै अंगाल्दै आएका छन् । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु तिनै बजार क्षेत्रमा बढी खपत र बिक्री हुने गरेको छ । भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस गाउँपालिकामा मानव बसोवास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् ।यस गाउँपालिका हुदै बग्ने सुनकोशी खोलाको नाम बाट यस को नामाकरण भएको हो ।

# ५ मौजुदा भू-उपयोग नक्सा




*स्रोत:- नापी विभागबाट प्राप्त डिजिटल नक्सा*

# ६ भू-उपयोग क्षेत्र नक्सा




*स्रोत:- नापी विभागबाट प्राप्त डिजिटल नक्सा*

# ७ भू-उपयोग क्षेत्र, परिभाषा र वर्गीकरणका मापदण्ड र आधारहरु

क) कृषि क्षेत्र

"कृषि क्षेत्र" भन्नाले कृषि उत्पादन (अन्न बाली, नगदे बाली, बागवानी आदि), पशुपालन, मत्स्यपालन, निजी जग्गामा भएमा कृषि वन पैदावार र बाटिकासमेत भएका वा हुनसक्ने जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ । यो शब्दले कुनै निश्चित क्षेत्रलाई सरकारले (संघ,प्रदेश र स्थानीय) कृषि क्षेत्र भनि घोषणा गरि तोकेको क्षेत्र समेतलाई जनाउँछ । गैह्र कृषि क्षेत्रमा वर्गीकरण भएका बाहेक कृषि सडक,कुलो पैनी,नहर जस्ता कृषि विकासका पूर्वाधार भएका वा हुन सक्ने अन्न बाली , पशुपन्छी ,तरकारी खेती ,फूल खेती ,फलफूल खेती ,तेलहन बाली ,दलहन बाली ,नगदे बाली ,घाँसे मैदान ,चरण ,बारी खर ,तथा वनस्पति उत्पादन ,घाँस ,दान ,माछा पालन ,मौरी पालन ,पालन ,खोर ,जडीबुटीका लागि प्रयोग भएका भौतिक संरचना वा घर टहरा ,बन पैदावार ,माछा पोखरी



AMBIENCE CONSULT PVT. LTD.

उर्वर एवं उपयोगी जग्गाहरू ,गोठले चर्चेका र खनजोत गरी खेती लगाउन उपयुक्तभू-उपयोग नियमावली, २०७९ को अनुसूची -१(क) अनुसार यस गाउँपालिकाको वडागत कृषि क्षेत्रमा वर्गीकरण हुने छन् ।

ख) आवासीय क्षेत्र

"आवासीय क्षेत्र" भन्नाले मानिसले वासस्थानको लागि प्रयोग गरेका जग्गालाई जनाउँछ र सो शब्दले घरसँग जोडिएको वा नजोडिएको भए तापनि गोठ, भकारी, ग्यारेज, तवेला, इनार, धारा, फलफुल, बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ । यो शब्दले व्यावसायिक कम्पनि वा संस्थाले आवासीय क्षेत्रमा निर्माण गरेको सामुहिक आवास, संयुक्त आवास (Apartment) र कुनै निश्चित क्षेत्रलाई सरकारले बसोवासका लागि घोषणा गरि तोकेको क्षेत्र समेतलाई जनाउँछ। कृषि उपजको रेखदेखपशु पालन ,भण्डारण तथा प्रशोधन , ,वा उद्योग कल कारखाना सञ्चालनको प्रयोजन बाहेक नागरिक आवासको रूपमा प्रयोग भएको भवन व्यक्तिगत बाटो ,आँगन ,बगैंचा चौर ,टहरा ,घर ,अपार्टमेन्ट,ग्यारेज,पार्किङ स्थल , गोठ चर्पी र सो प्रयोजनको लागि प्रयोग हुने आवश्यक न्यूनतम भौतिक पूर्वाधार सडकखानेपानी वा ढल ,विधुत , निकास लगायतको व्यवस्था भएको क्षेत्रमा रहेका र भविष्यमा न्यूनतम भौतिक पूर्वाधारको विकास हुने जग्गाहरू भू-उपयोग नियमावली, २०७९ को अनुसूची -१(ख) अनुसार अनुसार यस गाउँपालिकाको वडागत आवासीय क्षेत्रमा वर्गीकृत हुने छन् ।

ग) व्यावसायिक क्षेत्र

व्यावसायिक क्षेत्र" भन्नाले पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदाम, स्वास्थ्य, संचार वा वस्तुको खरिद विक्री हुने स्थान वा कुनै साहित्यिक, वैज्ञानिक वा प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, हाट बजार लाग्ने स्थान, व्यावसायिक प्रयोजनका लागि खोलिएका डिस्को, क्लव, पौडी पोखरी सिनेमा घर लगायतका मनोरञ्जनस्थल वा अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएका घरले चर्चेका जग्गा तथा सो प्रयोजनको लागि छुट्याइएका जग्गा रहेको जग्गालाई सम्झनु पर्छ। यो शव्दले व्यावसायिक कम्पनी वा संस्थाले व्यावसायिक क्षेत्रमा निर्माण गरेको व्यवसायिक भवन तथा सो भवनले चर्चेको जग्गालाई समेत जनाउँछ। साथै यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार तथा व्यावसायिक प्रयोजनको लागि शहर निर्माण गने गरी सरकारले घोषणा गरी तोकेको क्षेत्र समेतलाई जनाउँछ। यस गाउँपालिकाको माथिको परिभाषाले जनाउने जग्गाहरु भू-उपयोग नियमावली, २०७९ को अनुसूची -१(ग) अनुसार वडागत व्यावसायिक क्षेत्रमा वर्गीकरण गरिनेछन् ।

घ) औद्योगिक क्षेत्र

"औद्योगिक क्षेत्र" भन्नाले कुनै पानी कार्यस्थल (workshop) वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो संचालन गर्ने प्रयोजनको लागि रहेका घर, टहराले चर्चेका जग्गा लगायत सो प्रयोजनको लागि छुट्याईएका जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ । यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले सरकारले घोषणा गरि तोकेको औद्योगिक कोरिडर, औद्योगिक ग्राम, औद्योगिक क्लष्टर, विशेष निर्यात क्षेत्र र विशेष आर्थिक क्षेत्र समेतलाइओ जनाउँछ । यस गाउँपालिकाको माथिको परिभाषाले जनाउने जग्गाहरु भू-उपयोग नियमावली, २०७९ को अनुसूची -१(घ) अनुसार वडागत औद्योगिक क्षेत्रमा वर्गीकरण गरिनेछन् ।

ङ) खानी तथा खनिज क्षेत्र

"खानी तथा खनिज क्षेत्र" भन्नाले खनिज पदार्थ उत्खनन्, उत्पादन वा प्रशोधन गरेको वा कुनै निश्चित भौगोलिक क्षेत्रमा खानी तथा खनिज क्षेत्र भनि सरकारले घोषणा गरि तोकेको जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ ।यो शब्दावलीले कुनै पानी खानि पत्ता लागेको क्षेत्र वा खानि संचालन भएको क्षेत्र, खनिज पदार्थ उत्खनन्, उत्पादन, प्रशोधन एवम् शुद्धिकरण गर्ने उद्योग रहेको क्षेत्र, सोहि प्रयोजनमा प्रयोग भएको घर, टहरा तथा उद्योग संचालनको लागि प्रयोगमा आएको जग्गा समेतलाई जनाउँछ । यस गाउँपालिकाको माथिको परिभाषाले जनाउने जग्गाहरु भू-उपयोग नियमावली, २०७९ को अनुसूची -१(ङ) अनुसार वडागत खानी तथा खनिज क्षेत्र क्षेत्रमा वर्गीकरण गरिनेछन् ।

च) वन क्षेत्र

"वन क्षेत्र " भन्नाले पूर्ण वा आंशिक रुपमा रुख तथा वनस्पतिले ढाकेको सरकारी, सामुदायिक, कबुलियती वन लगायत वन्यजन्तु आरक्ष, राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष, संरक्षित क्षेत्र बुट्यान, झाडी, फाँट, रुख नभए पानी सरकारले वन क्षेत्र भनि तोकेको स्थान लगायत सबै प्रकारका वनको जग्गा रहेको क्षेत्रलाई सम्झनु पर्छ ।यो शब्दावलीले कुनै निश्चित भौगोलिक क्षेत्रमा वन वा हरित क्षेत्र विस्तारको लागि सरकारले घोषणा गरि तोकेको क्षेत्रलाई समेत जनाउँछ। यस गाउँपालिकाको माथिको परिभाषाले जनाउने जग्गाहरु भू-उपयोग नियमावली, २०७९ को अनुसूची -१(च) अनुसार वडागत वन क्षेत्रमा वर्गीकरण गरिनेछन् ।

छ) नदि, खोला, ताल, सिमसार क्षेत्र

"नदि, खोला, ताल, सिमसार क्षेत्र" भन्नाले नदि, खोला, खहरे, नहर, ताल, पोखरी, लामो समयदेखि पानि जमेको डोल वा सिमसार जग्गा रहेको क्षेत्र समेतलाई सम्झनु पर्छ । यस गाउँपालिकाको

माथिको परिभाषाले जनाउने जग्गाहरु भू-उपयोग नियमावली, २०७९ को अनुसूची -१(छ) अनुसार वडागत नदि, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गरिनेछन् ।

ज) सार्वजनिक उपयोगका क्षेत्र

"सार्वजनिक उपयोगका क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्राबास, अन्त्योष्टिस्थल, सडक, सिँचाई कूलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उधान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचना चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रममा सार्वजनिक उपयोगको क्षेत्र भनी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ । यस गाउँपालिकाको माथिको परिभाषाले जनाउने जग्गाहरु भू-उपयोग नियमावली, २०७९ को अनुसूची -१(ज) अनुसार वडागत सार्वजनिक उपयोगका क्षेत्रमा वर्गीकरण गरिनेछन् ।

झ) साँस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र

"साँस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र" भन्नाले ऐतिहासिक महत्वको किल्ला, दरबार, भवन, मठ, मन्दिर, मस्जिद, गुम्बा, माने, लगायत अन्य धार्मिक स्थल, देवालय र पुरातात्विक महत्वका क्षेत्रलाई सम्झनु पर्छ । यो शब्दावलीले कुनै निश्चित भौगोलिक क्षेत्रमा ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा पुरातात्विक क्षेत्र भनि सरकारले घोषणा गरि तोकेको क्षेत्र समेतलाई जनाउँछ । यस गाउँपालिकाको माथिको परिभाषाले जनाउने जग्गाहरु भू-उपयोग नियमावली, २०७९ को अनुसूची -१(झ) अनुसार वडागत साँस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्रमा वर्गीकरण गरिनेछन् ।

ञ) नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र

"नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र" भन्नाले माथि उल्लिखित कुनै पानी भू-उपयोग क्षेत्रमा नपर्ने तर विशिष्ट प्रकारको भू-उपयोग क्षेत्र उल्लेख गर्न अत्यावश्यक देखिएका क्षेत्रलाई सम्झनु पर्छ । भू-उपयोग नियमावली, २०७९ को अनुसूची -१(ञ) अनुसारका जग्गाहरु नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रमा वर्गीकरण गरिनेछन् ।

ट) जोखिम क्षेत्र

भौगोलिक, पर्यावरणीय र भू बनौटको दृष्टिकोणले कृषि, व्यवशायिक, औद्योगिक एवम् अन्य उपयोगका लागि अनुपयुक्त बाढी, पहिरो, भूक्षय, आगोलागी लगायतका प्राकृतिक प्रकोपबाट जोखिम रहेका जग्गाहरु जोखिम क्षेत्र भनि पहिचान गरिनेछन्।

## ८ भू-उपयोग वर्गीकरणका सिमा र सर्तहरु

भूउपयोग योजना अनुरूप गैह्र कृषि क्षेत्र र कृषि क्षेत्रमा वर्गीकृत जग्गाको उपयोग सन्तुलन कायम गर्न र न्यायोचित एवं व्यवहारिक बनाउन निम्न भूउपयोग वर्गीकरणका सीमा र सर्तहरूलाई यस गाउँपालिकाको स्थानिय आवश्यकता र क्षमता तथा वडा कार्यालयहरुमा हुने छलफल एवं निर्णयहरु समेतलाइ ध्यान दिदैं अवलम्बन गर्न प्रयास गरिएको छ ।

१. गैह्र कृषि क्षेत्रमा वर्गीकरण भएको जग्गाको सिमा सँग जोडिएका पाँच हजार वर्गमिटर भन्दा कम क्षेत्रफल भएका जग्गाहरूको वर्गीकरण गैह्र कृषि क्षेत्रमा र पाँच हजार वर्गमिटर भन्दा बढी खेती गरिएका वा खनजोत गरिएका पर्ती बाँझो जग्गाहरू कृषि क्षेत्रमा वर्गीकरण गरिनेछ ।

२. बसोबासका लागि आधारभूत भौतिक पूर्वाधारहरू सडक खानेपानी ,विधुत ,र ढल-निकास लगायतको व्यवस्था भएको क्षेत्रफल १ हजार वर्गमिटर भन्दा कमका साना कित्ता कायम भएका एकीकरण गर्न समेत नसकिने जग्गाहरू आवास क्षेत्रमा वर्गीकरण गर्न सकिनेछ ।

३. भूउपयोग ऐन ,र भूउपयोग नियमावली २०७६ ,२०७९ लागू हुनु पूर्व घर बनाई आवासको रुपमा प्रयोग गरि बसोबास गरिरहेका व्यक्तिगत घर, भवन टहरा रहेको पाँच हजार वर्गमिटर भन्दा कम क्षेत्रफल भएका जग्गाहरुलाई आवासीय क्षेत्रमा वर्गीकरण गरिनेछ।

४. कृषि तथा गैह्र कृषि क्षेत्र भित्र पर्ने जोखिम क्षेत्र र सरकारी एवं सार्वजनिक उपयोगका जग्गाहरू निजी उपयोग हुने व्यवसायीक औद्योगिक र कृषि क्षेत्रमा ,आवासीय ,वर्गीकृत गरिने छैन ।

५. गैह्र कृषि क्षेत्रमा वर्गीकृत जग्गाहरुलाई जग्गाधनीले चाहेमा जुनसुकै बेला भू-उपयोग नियमावली, २०७९ को अनुसूची २ भराई स्थानीय भू-उपयोग परीषदमा पेश गर्न लगाई कृषि क्षेत्रमा वर्गीकरण गर्न सकिनेछ ।

६. बाटो पैनी सँग जोडिएका जग्गाको ,कुलो ,कित्ताकाट गर्दा कृषि क्षेत्र र गैह्र कृषि क्षेत्रका लागि तोकिएको न्यूनतम क्षेत्रफल बराबर वा सो भन्दा कम हुने वा हुन सक्ने भएमा बाटो पैनीको ,कुलो ,लगत कट्टा गरेर र मापदण्ड नतोकिएको अवस्थामा बाटो , पैनी ,कुलोको मौजुदा जग्गा समेत जोडेर मात्र कित्ताकाट गरिनेछ।



AMBIENCE CONSULT PVT. LTD.

७. कृषि क्षेत्रको जग्गाको अधिकतम उपयोग गर्ने कृषकलाई प्रोत्साहन गर्न निम्न बमोजिमका कृषि तथा पशु विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

क. कृषक परिचय पत्र उपलब्ध गराइनेछ ।

ख. कृषि वालीतथा पशु पन्छी विमा सञ्चालन गरिनेछ ।

ग. विशेष बालिबागवानी एवं पशु जन् ,य उत्पादन पाकेट क्षेत्र निर्धारण गरी व्यवसायीक पशुपालनमाहुर ,ी पालन मत्स्य पालन ,जस्ता कृषि कार्यक्रममा प्रोत्साहित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

घ. कृषि तथा पशु जन्य उत्पादनको मूल्य र विक्री सुनिश्चितता ,कृषि बजार ,ढुवानी , आधुनिक कृषि औ ,कृषि उत्पादन भण्डारणजारखरिद अनुदान ,बीउ ,मल , उन्नत वि ,उपलब्ध गराउनेउ बिजननर्सरी , खेती प्रणालीको प्रचार प्रसारका लागि कृषि उत्पादन प्रदर्शन उन्नत बीउ बिजनको किट वितरण जस्ता ,एकीकृत कृषि तथा पशु विकास कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।

ङ. वैंक तथा वित्तीय संस्थाहरूबाट कृषि व्यवसायका लागि जग्गाको धितो मूल्याङ्कन र तोकिएको मापदण्ड र सहमतिको आधारमा अधिकतम कृषि ऋण उपलब्ध गराउन प्रबन्ध मिलाइनेछ ।

च. कृषि क्षेत्रमा घर बनाइ बसोबास गरिरहेका कृषकको घरबास स्थानान्तरण गर्न एकीकृत कृषक बस्ती विकास कार्यक्रम सञ्चालन गरी प्रोत्साहित गरिनेछ ।

छ. कृषि क्षेत्रमा कृषिका पूर्वाधारहरू विकास गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ ।

ज. कृषिको आधुनिकीकरणसामूहिक ,सहकारी खेती ,व्यवसायीकरण ,यान्त्रीकरण , खेती तथा सार्वजनिक खेती गर्ने प्रयोजनका लागि सम्बन्धित जग्गा धनीको सहमतिमा साँध सिमा जोडिएको कित्ताको एकीकरण गरी ज्यामितीय आकार मिलाईजग्गा चकलाबन्दी कार्यक्रम ,नक्सा स्रेस्तामा आवश्यक संशोधन गरी , संचालन गर्न नीति लिइनेछ ।

झ. कृषि क्षेत्रमा वर्गीकरण भएका जग्गाहरूको अधिकतम उपयोग गरेर उत्पादकत्व वृद्धि गर्न उपयोग विहीन, आंशिक उपयोग वा बाझो अवस्थामा रहेका व्यक्तिगत, ऐलानी, पर्ती, नदी उकास लगायतका आवाद लायक जग्गाहरूको समुचित र सुनिश्चित उपयोग गर्न गराउन कार्यविधि तयार गरी बेरोजगार युवा लक्षित



AMBIENCE CONSULT PVT. LTD.

व्यावसायिक कृषि फार्मिङ्ग खेतीका लागि लगानी भित्र्याउन भूमि बैंकको संचालन गरिनेछ ।

ञ. माटो परीक्षण गर्ने व्यवस्था मिलाइ सो अनुसारको बाली सिफारिस गरी व्यावसायिक कृषि उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

ट. कृषि क्षेत्रमा लाग्दै आएको करको दर अवलोकन गरी मालपोत लगायतका अन्य कर छुट गर्दै जाने नीति लिइनेछ ।

८. आवासीय तथा व्यवसायिक लगायत गैर कृषि क्षेत्रका सम्पूर्ण घर जग्गाहरूलाई सम्पतिको रूपमा परिभाषित गरी निम्नानुसारका करको दायरमा ल्याइनेछ ।

क. आवासीय तथा व्यावसायिक लगायत गैर कृषि क्षेत्रमा बनेका घर जग्गाटहरा , लगायतका संरचना एकिन गरी घर बहाल करको दायरामा ल्याइनेछ ।

ख. आवासीय तथा व्यवसायीक लगायत गैह्र कृषि क्षेत्रका घर जग्गालाई सम्पाति करव्या ,वसायिक कर आय कर समेतलाई ,पुनारावलोकन गरी करको दायरामा ल्याइनेछ।

ग. आवासीय तथा व्यवसायीक लगायत गैर कृषि क्षेत्रका जग्गामा पूर्वाधार विकास (प्लटिङ्ग) गरी विक्री गर्न चाहने कम्पनी वा व्यक्तिले अनिवार्य रूपमा गाउँपालिकाकाको अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ ।

घ. आवासीय तथा व्यवसायीक लगायत गैह्र कृषि क्षेत्र भित्र आवास एवम् उद्योग व्यापार व्यवसाय सञ्चालन गर्दा अनिवार्य रूपमा भवन संहिता अनुरूप पुरानो घरको अभिलेखीकरणनिर्माण सम्पन्न ,नयाँ घर निर्माणका लागि नक्सा पास , प्रमाणपत्र र व्यवसाय दर्ता प्रकृयालाई अनिवार्यगरिनेछ।

ङ. गाउँपालिकाले तोकेको एक परिवारले राख्न पाउने घरबारीको क्षेत्रफल भन्दा बढी क्षेत्रफल राख्ने परिवारलाई थप तोकिए बमोजिम सम्पाति कर असुल गर्ने नीति लिइनेछ।

९. भू-उपयोग वर्गीकरण सम्बन्धि व्यवस्था कार्यन्वयन गर्न, भूमिको अधिकतम उपयोग गरेर उपदकत्व वृद्धि गर्न भूमि बैंकको योजना तर्जुमा गरि स्थापना गरेर संचालन गरिनेछ ।

१०. गाउँपालिका भित्र रहेका निजी रैकर घर जग्गाको भूउपयोग क्षेत्र वर्गीकरणका आधारमा एकीकृत न्यूनतम मुल्याँकन तयार गरी सोही अनुसार धितो मुल्याँकन र घर जग्गा सम्बन्धी कर निर्धारण गर्ने नीति लिइनेछ।

११. गाउँपालिका भित्रका सडकहरुको मापदण्ड तोकी मापदण्ड पुगेका बाटोहरुको लगत कट्टा गर्दै जाने नीति लिइनेछ।

१२. कुनै पनि सरकारी अर्ध सरकारी संघ संस्था निकायबाट सेवा लिन ,गाउँपालिका वा अन्तर्गतका वडा कार्यालयबाट गर्नु पर्ने कुनै पनि किसिमको सेवा वा सिफारिस लिंदा गाउँपालिकामा बुझाउनु पर्ने सबै कर चुक्ता गरेको प्रमाण पत्रलाई अनिवार्य गरिनेछ।

१३. सुनकोशी गाउँपालिकाको विकास योजना तर्जुमा गर्दा वा भौतिक संरचना निर्माण गर्दा भूउपयोग योजना अनुकूल हुने गरी योजना तर्जुमा र निर्माण कार्य संचालन गरिनेछ ।

१४. सुनकोशी गाउँपालिकाको स्थानीय भू-उपयोग योजना पारित भई कार्यन्वयनमा जाँदा आएका विभिन्न नीतिगत र प्राविधिक जटिलताहरु उत्पन्न भएमा भू-उपयोग ऐन,२०७६को दफा २० मा व्यवस्था भएको स्थानीय भू-उपयोग कार्यान्वयन समितिको सिफारिसमा भू-उपयोग नीति, ऐन र नियमावलीको मर्म र भावनामा प्रतिकुल नहुने गरि स्थानीय भू-उपयोग परिषदबाट उत्पन्न समस्याको समाधान गरिनेछ।

## ९ वर्गीकृत जग्गाको चार किल्ला सीमाङ्कन तथा नक्सा रेखाङ्कन

प्रत्येक वडा कार्यालयहरुमा भएका छलफल र निर्णयको आधारमा भूउपयोग वर्गीकरण योजना तयार गरीएको छ । यसरी तयार भएको भूउपयोग वर्गीकरण योजना यस गाउँपालिकाको भू-उपयोग कार्यान्वयन समितिको सिफारिसमा स्थानिय भू-उपयोग परिषदबाट निर्णय भएपश्चात सबै वडाहरूको वडा गत भूउपयोग क्षेत्र वर्गीकरणको सीमाङ्कन गरी सो अनुरूप नापी विभागबाट प्राप्त भूउपयोग नक्सा अद्यावधिक गरी कित्तागत विवरण तयार गरिएको छ ।

AMBIENCE CONSULT PVT. LTD.

# सुनकोशि गाउँपालिकाको भू-उपयोग योजना

सुनकोशी  गाउँपालिका स्थानीय भू-उपयोग परिषदको मिति ............. गतेको निर्णय

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाका वडा नं. १ देखि ७ सम्मका सबै वडाका जग्गाहरुलाई भू-उपयोग ऐन २०७६ को दफा ४(१) तथा भू-उपयोग नियमावली २०७९ को नियम ५(१) बमोजिम भू-उपयोग क्षेत्रमा वर्गिकरण गर्ने सम्बन्धित वडाका जनप्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, सरकारी, गैरसरकारी, निजि क्षेत्रका प्रतिनिधिहरुको सर्वपक्षीय बैठकले दिएको सुझाव र गाउँपालिका स्तरिय भू-उपयोग कार्यान्वयन समिति र भू-उपयोग परिषदको सिफारिसको आधारमा देहाय बमोजिमका वडाहरुको देहाय बमोजिम जग्गाहरुलाई तपशिल बमोजिम भू-उपयोग क्षेत्रमा वर्गिकरण गरी सम्बन्धित निकायहरु सुनकोशि गाउँपालिकाको कार्यालय, मालपोत कार्यालय चौतारा सिन्धुपाल्चोक, नापी कार्यालय चौतारा सिन्धुपाल्चोक, नापी विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग काठमाडौं, वागमती प्रदेश भू-उपयोग परिषद र संघिय भु-उपयोग परिषद काठमाडौमा लेखि पठाउने ।

**वडा नं. १ का देहायका क्षेत्रहरु:**

सुनकोशी गाउँपालिका वडा नं. १ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१ नापी विभागबाट प्राप्त नक्सामा उल्लेख भएको वन क्षेत्र र प्रचलित कानूनमा वन उल्लेख भएका क्षेत्रलाई वनक्षेत्र नै कायम गर्ने,

२ प्रचतिल कानूनमा खोला, खोल्सी उल्लेख भएको, नापी विभागबाट प्राप्त र किता नापी नक्सामा खोला खोल्सी उल्लेख भएको क्षेत्रहरुलाई नदी, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गर्ने,

३ विधालय, स्वास्थ्यचौकी, प्रहरीचौकी, सामुदायिक भवन, अस्पताल, चउर, फुटबल, खेलमैदान, कवर्डहल, रंगशाला लगायतका सार्वजनिक उपयोगका क्षेत्रलाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गर्ने,

४ मठ, मन्दिर, चर्च, गुम्बा जस्ता साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदालाई साँस्कृतिक तथा पुरात्तात्विक महत्वका क्षेत्रमा वर्गीकरण गर्ने,

५ व्यवसायिक क्षेत्र

सुकुटे-बाघभैरव-मिर्रेखोल्सा सडक (मूल सडक) को मिलडाँडा, छात्राबास, बाघभैरव, मिर्रे बस्तीको ५० मिटर अर्धव्यास भित्रका जग्गाहरुलाई व्यावसायिक क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

६ निम्न बमोजिमका क्षेत्रका जग्गाहरुलाई आवासिय क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

क. सुकुटे-बाघभैरव मिर्रेखोल्सा सडक (मूलसडक) को मिलडाँडा, छात्राबास, बाघभैरव, मिर्रे बस्तीको ५० मिटर अर्धव्यासको क्षेत्रहरु व्यवसायिक वर्गीकरण भएपश्चातको १०० मिटर अर्धव्यास भित्रका जग्गाहरुलाई आवासिय क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

ख. उखुबारी-अदुवाबारी-तिनघरे-जामुने-आचार्यगाउँ-काईटार सडकका बस्तीहरु फाप्रेस्वार, गहते, तिनघरे, जामुने, भेडिडाडा, आचार्यगाउँ र काईटारका क्षेत्रहरुमा १०० मिटरको अर्धब्यास भित्रका जग्गाहरुलाई आवास क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो।

ग. तिपशिल बमोजिमका शाखा सडकका दाँया-बाँया १०० मिटर भित्रका जग्गाहरुलाई आवास क्षेत्रमा गर्गिकरण गर्ने निर्णय गरियो।

- रतुवापारी महांकाल बेशी जाने सडक
- मिर्रेडाँडाबाट बिमिरे बेशी जाने सडक (सुवासे, मिर्रे, काइटार) बस्ती
- मिर्रे मूलखर्क भ्यूटावर सडक
- बाघभैरव, आचार्यगाउँ, जोगीकुटी सडक
- पूर्णबारी तित्रे सडक
- सिमडाडा, मिलडाडा, कोटगाउँ सडक
- सुकुटे, पूरानोकोट, मिलडाँडा सडक
- प्रहरीचौकी मूलखर्क सडक
- झिगेटार, अदुवाबारी बाटोको शाखा बाटो मानेडाँडा हुँदै सिमडाँडा सडक
- मिर्रेडाँडा लट्टेश्वर सडक
- मिलडाँडा, लहरेटोल, आचार्यगाउँ काइटार सडक

घ. नापी नक्सामा कायम भएको गोरेटो बाटोबाट ५० मिटर दायाँ/बाँया क्षेत्रका जग्गालाई आवास क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

७ माथि उल्लेखित बुँदा नं. १,२,३,४,५,६ भित्र पर्ने बाहेकका क्षेत्रका जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो।

८ माथि उल्लेखित निर्णयहरु माथि परिमार्जन गर्न आवश्यक महसुस भएमा वडा समितिको बैठकको निर्णय बमोजिम हुने।

**वडा नं. २ का देहायका क्षेत्रहरु:**

सुनकोशी गाउँपालिका वडा नं. २ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१ नापी विभागबाट प्राप्त नक्सामा उल्लेख भएको वन क्षेत्र र प्रचलित कानूनमा वन उल्लेख भएका क्षेत्रलाई वनक्षेत्र नै कायम गर्ने,

२ प्रचतिल कानूनमा खोला, खोल्सी उल्लेख भएको, नापी विभागबाट प्राप्त र किता नापी नक्सामा खोला खोल्सी उल्लेख भएको क्षेत्र नदी, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गर्ने,

३ विद्यालय, स्वास्थ्यचौकी, प्रहरीचौकी, सामुदायिक भवन, अस्पताल, चउर, फुटबल, खेलमैदान, कवर्डहल, रंगशाला लगायतका सार्वजनिक उपयोगका क्षेत्रलाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गर्ने,

४ मठ, मन्दिर, चर्च, गुम्बा जस्ता साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदालाई साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रमा वर्गीकरण गर्ने,

५ व्यवसायिक क्षेत्र

सुकुटे-ठोकर्पा-श्रमथली सडकको सोत्रे-पिङडाडा-स्वास्थ्य चौकी, डौडारोल १२ किलो सडक, रायोधारा, बाँसझयाङ, भन्ज्याङ, देउराली बस्तीको ५० मिटर अर्धव्यास भित्रका जग्गाहरुलाई व्यावसायिक क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

६ निम्न बमोजिमका क्षेत्रका जग्गाहरुलाई आवासिय क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

क. सुकुटे बाघभैरव पिङडाँडा देउराली (मूलसडक) को सोगे-पिङडाडा-स्वास्थ्य चौकी – डाँडाटोल १२ किलो रायोधारा चोक बाँसझयाङ/ देउराली बस्तीको ५० मिटर अर्धव्यासको क्षेत्रहरु व्यवसायिक वर्गीकरण भए पश्चातको १०० मिटर अर्धव्यास भित्रका जग्गाहरुलाई आवासिय क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

ख. पूर्णेबारी-तित्रे-घर्तिगाउँ-बेखसिम्ले सडकका बस्तीहरु तित्रे, चौरगाउँ, चिण्डे, सिम्ले बस्तीहरुको १०० मिटरको अर्धब्यास भित्रका जग्गाहरुलाई आवास क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो।

ग. तपशिल बमोजिका शाखा सडकका दाँया-बाँया ५० मिटर भित्रका जग्गाहरुलाई आवास क्षेत्रमा गर्गिकरण गर्ने निर्णय गरियो।

- काफ्ले पाखाली टोल भन्ज्याङ/ देउराली सडक
- पिङडाँडा गैरे माने भन्ज्याङ देउराली सडक
- रायोधारा कार्कीटोल सडक
- १२ किलो कार्कीटोल सिम्ले घर्तिगाउ सडक
- १२ किलो रेकरडाँडा सिम्ले धर्ति गाउ सडक
- सोत्रे डाँडाकटेरी सडक
- भन्ज्याङ देउराली भिरखर्क सडक
- वडा कार्यालय सिमखण्ड सडक
- ठकुरी गाउँ कर्कले सीमखण्ड डाँडाकटेरी सडक
- सिमपाखा माने सडक
- जोरखम्बा भन्ज्याङ सडक
- लहरेटोल थापा आहाल तित्रे सडक
- तित्रे छुचुन्गैरा डुडे सडक
- तित्रे गोपेखोला सडक
- भगुवाचौर- रिफेलटोल सडक
- भन्ज्याङ गोगने सडक

घ. नापी नक्सामा कायम भएको गोरेटो बाटोबाट १५ मिटर दायाँ/बाँया अर्धब्यास भएको क्षेत्रलाई आवास क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

७. माथि उल्लेखित बुँदा नं. १,२,३,४,५,६ भित्र पर्ने बाहेकका क्षेत्रका जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो।

८. माथि उल्लेखित निर्णयहरु माथि परिमार्जन गर्न आवश्यक महसुस भएमा वडा समितिले निर्णय गरि १५दिन भित्र सम्बन्धित कार्यालयमा पेश गर्ने।

**वडा नं. ३ का देहायका क्षेत्रहरु:**

सुनकोशी गाउँपालिका वडा नं. ३ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१. नापी विभागबाट प्राप्त नक्सामा नदी, ताल, सिमसार, क्षेत्र उल्लेख भएको र प्रचलित कानुनमा नदी, ताल, सिमसार भनि तोकिएको तथा कित्ता नापी नक्सामा नदी, खोल्सा, खोला उल्लेखित भएका क्षेत्रहरुलाई नदी, खोला, ताल, सिमसार क्षेत्रमा बर्गिकरण गर्ने ।

२. मठ, मन्दिर, गुम्वा, चर्ज लगायतका सांस्कृतिक एवं पुरातात्विक महत्वको क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरात्वात्तिक महत्वको क्षेत्रमा बर्गिकरण गर्ने ।

३. प्रचलित कानुनमा वन क्षेत्र भनि तोकिएको क्षेत्रहरु र नापी नक्सामा वन उल्लेखित भएका कित्ता जग्गाहरुलाई वन क्षेत्रमा बर्गिकरण गर्ने ।

४. सुनकोशी गा.पा. वडा नं. ३ भित्रका विद्यालय, स्वास्थ्य चौकी, सहकारी, वडा कार्यालय, खेलमैदान लगायतका सार्वजनिक उपयोगमा आउने क्षेत्रहरुलाई सार्वजनिक उपयोगका क्षेत्रमा बर्गिकरण गर्ने ।

५. सुनकोशी गा.पा. वडा नं. ३ मा रहेको निम्न बमोजिमको क्षेत्रहरुलाई आवास क्षेत्रमा बर्गिकरण गर्ने निर्णय गरियो ।

तल उल्लेखित मुख्य सडकहरू बाट दायाँ वायाँ १००-१०० मिटर भित्रका कित्ताका जग्गाहरु

- सुकुटे – पुरानाकोट – ठोकर्पा सडक
- सुकुटे- छाप - ठोकर्पा सडक
- सुकुटे – सेराडाडाँ – महेन्द्रकान्ती ठोकर्पा सडक
- सुकुटे – उखुवारी – वेख सिम्ले सडक
- सियाले - धगेराघारी – महेन्द्रकान्ती गौराटोल – जगन्नाथ काफलस्वास ठोकर्पा सडक
- चेहेरे पुरानाकोट ठोकर्पा सडक

ख) तल उल्लेखित शाखा सडकहरुवाट ५०-५० मिटर दायाँ वायाँ क्षेत्रका जग्गाहरु

- ठुलढुङ्गे कल्लावारी सरस्वति आ.वि. मलमासे सडक
- मिजार टोल कार्की गाँउ पुरानागाँऊ तोरिवारी सडक
- पुरानाकोट नेपालिटोल डाडाँगाँउ सडक
- पुरानाकोट भुजेलटोल सडक
- चारपाटे आहाल माथिल्लो काफल स्वारा ठुलचौर देउराली सडक

६. कित्ता नापी नक्सामा भएको गोरेटो बाटोबाट दाँया वायाँ २० / २० मिटर भित्रका कित्ता जग्गाहरूलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

७. माथी उल्लेखित बुदा नं. १, २, ३, ४, ५, ६ भित्रमा पर्ने वाहेकका क्षेत्रका जग्गाहरूलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

८. माथी उल्लेखित निर्णयहरु परिमार्जन गर्नुपर्ने देखिएमा वडा समितिको वैठकको निर्णय बमोजिम हुनेछ ।

**वडा नं. ४ का देहायका क्षेत्रहरुः**

सुनकोशी गाउँपालिका वडा नं. ४ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१. नापी विभागबाट नक्सामा नदी, ताल, सिमसार, क्षेत्र उल्लेख भएको र प्रचलित कानुनमा नदी, ताल, सिमसार भनि तोकिएको तथा कित्ता नापी नक्सामा नदी खोल्सा खोला उल्लेखित भएका क्षेत्रहरुलाई नदी खोला ताल सिमसार क्षेत्रमा बर्गिकरण गर्ने ।

२. मठ, मन्दिर, गुम्वा, चर्ज लगायतका सांस्कृतिक एवं पुरातात्विक महत्वको क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरात्वात्तिक महत्वको क्षेत्रमा बर्गिकरण गर्ने ।

३. प्रचलित कानुनमा वन क्षेत्र भनि तोकिएको क्षेत्रहरु र नापी नक्सामा वन उल्लेखित भएका कित्ता जग्गाहरुलाई वन क्षेत्रमा बर्गिकरण गर्ने ।

४. सुनकोशी गा.पा. वडा नं. ४ भित्रका विद्यालय, स्वास्थ्य चौकी, सहकारी, वडा कार्यालय, खेलमैदान लगायतका सार्वजनिक उपयोगका क्षेत्रमा बर्गिकरण गर्ने ।

५. सुनकोशी गा.पा. वडा नं. ४ मा रहेको निम्न बमोजिमको क्षेत्रहरुलाई आवास क्षेत्रमा बर्गिकरण गर्ने निर्णय गरियो ।

क) तल उल्लेखित मुख्य सडकहरूबाट १००-१०० मिटर दायाँ वाँया क्षेत्रका जग्गाहरुलाई आवास क्षेत्रमा बर्गिकरण गर्ने निर्णय गरियो ।

- सियाले – यमुनाडाँडा - सुनखानी सडक
- सियाले – उतिसेनी – गणेश मा.बि. कालिपोखरी – पयुरुख – साउनेगैरो – अम्बिटे – खोरङ –भैसे - विमरेनी सडक
- छानीखोला – वुढाथोकी गाँउ – भन्ज्याङ सडक

ख) तल उल्लेखित सहायक सडकहरुवाट ५०-५० मिटर दायाँ वायाँ क्षेत्रका जग्गाहरुलाई आवास क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

- साउने गैरे – पैयुरुख – दोलवाटो – बाघखोर सडक
- गणेश मा.वि. – दारेगौडा – तोडिवारी सडक
- भिरकुले – आले – समीरुख सडक
- ज्ञानीखोला कोटाटोल सडक
- जमदार टोल – बाटामुनी सडक
- सियाले – भैसे – खोरङ अम्वोटे सडक
- वागखोर मौवारुख – कात्तिके – कुल्दि खोला सडक
- भोगटेधारा – विर्तावारी – जम्दारटोल – गणेश मा.वि.- बालुवाटोल कृष्ण मन्दिर – ज्ञानीखोला सडक
- बलेफी – सिलापर्वत – खोरङ – रातेमाटे – सिमपानी सडक
- गणेशथानडाँडा – रिद्‌डी ढोडेनी दोडेखोला – गैरी – फलाटे भिरकुना सडक
- भोगटेधारा – डुम्रे सडक
- स्वास्थ्य चौकी – विक टोल – दोलवाजे सडक

६. कित्ता नापी नक्सामा भएको गोरेटो बाटोबाट दाँया वायाँ २० / २० मिटर भित्रका कित्ता जग्गाहरूलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

७. माथी उल्लेखित बुदा नं. १, २, ३, ४, ५, ६ भित्रमा पर्ने वाहेकका क्षेत्रका जग्गाहरूलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

८. माथी उल्लेखित निर्णयहरु परिमार्जन गर्नुपर्ने देखिएमा वडा समितिको वैठकको निर्णय बमोजिम हुनेछ ।

**वडा नं. ५ का देहायका क्षेत्रहरुः**

सुनकोशी गाउँपालिका वडा नं. १ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१. यस वडा भित्रका निम्न मूख्य सडकहरुका मापडण्डका दाँयावाँया १५० मिटर सम्मका जग्गाहरूलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

तपशिलः

सुनकोशी – ५ भित्रका मुख्य सडकहरु

क) सियाले यामुनाडाँडा सुनखानी सित्कु वाघखोर घिच्चेत सडकमा पर्ने सुनकोशी – ५ भित्रका सडक खण्ड (यामुनाडाँडा बाघखोर सुनखानी मेलचौर सिल्कु बाघखोर)

ख) ज्ञानी खोला हे.पो. भन्ज्याङ घिच्चेत सडक भित्र पर्ने सुनकोशी- ५ सुनखानी भित्रको सडक खण्ड (खहरेखोला हे.पो. भंगेरी सडक)

ग) १२ किलो टिमुरे, रतनकोट, सुनखानी, भन्ज्याङ सडकमा पर्ने सुनकोशी – ५ भित्रका सडकमा पर्ने सुनकोशी – ५ भित्रका सडक खंण्ड (टिमुरेखोला, रतनकोट, जुगे, वडा भवन, चौताराडाँडा, हेल्थपोष्ट तिरतिरे धारा रु गाँऊ, भगेरी सडक)

घ) थुम्पाखर ९ किलो, पाखरखोला, खोलाखर्क, वर्थान, कार्तिके, वाघखोर सडक खण्डको (पाखरखोला, खोलाखर्क, वर्थान, कुल्छी, कार्तिके, सडक खण्ड)

ङ) कालीपोखरी, राम्चे, कान्ले, सुनखानी सडक सुनकोशी – ५)

च) टिमुरेखोला, पुरानोगाँउ, पेङगालखोला, गोइमासे, वाघखोर- सुनकोशी- ५

निर्णय नं. २ –

माथीको प्रस्ताव उपर छलफल गर्दा सुनकोशी-५, सुनखानीका तपशिलका कृषि सडकहरुका दाँया-वाँया ५० मिटरको जग्गालाई आवासिय क्षेत्रमा बर्गिकरण गर्ने र बाकीं कृषि क्षेत्रभित्र वर्गिकरण गर्ने सर्वसहमत निर्णय गरियो ।

तपशिल –

सुनकोशी – ५ भित्रका कृषि सडकहरु

क) बुढाथोकी गाँउ वरालटोल सडक
ख) हे.पो. लामाटोल घट्टेखोला सडक
ग) घट्टेखोला हरिसिध्दी बुझिङ्टोल सडक
घ) बुढाथोकी गाँउडाँडा खेत वासँघारी सडक
ङ) मड्केला माझाटोल मेलचौर सडक
च) महादेवथान काँडाघारी मेलचौर सडक
छ) सुन्देउ चौतारा कुल्छी बर्थान सडक
ज) बर्थान ठुलढुङ्गे रतनकोट सडक
झ) रतनकोट खोलाखर्क सडक
ञ) घिसिङटोल ठोस्नेरी गोरुडोङडाँडा सडक
ट) सिल्कु घिसिङटोल भदैरे च्यानडाँडा थापाटोल सडक
ठ) सञ्चम्राङ कालवोटे, फुसिंङ सिस्नेरी वाघखोर सडक
ड) टुनीपोखरि भेडिखोर विसाउने गोइमासे सडक
ढ) सिल्कु थापाटोल भिमसेनथान जुगे सडक
ण) दोगाछप्या च्यागडाँडा घर्तिवारी सडक
त) सिल्कु गोइमासे सिंगटी सिस्नेरी हुदै बाघखोर सडक
थ) टिमुरेखोला, लोसे दर्माली हुदै पाखरखोला सडक
द) रतनकोट आ.वि. सिन्दुर पौवाडाँडा च्यानडाँडा सडक
ध) च्याम्दुङखोला पिङ्डाँडा कगाँउ सडक
न) तल्लो योन्जनटोल पुरानोधारा खेत सडक
प) पेङ्गलखोला म्हारबु, लुबु, वाझो खेत, टोप्लेडाँडा सडक
फ) राम्चे डैकम्पु फोन्डाडाँडा सडक
ब) भेडिखोर खोलाखर्क जम्वोदोङ भोटेयामुना कृषि सडक

निर्णय – ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा सुनकोशी-५, सुनखानी भित्र रहेका निम्न बमोजिमका पर्यटकिय सडकहरुको दाँयाबाँया १०० मिटरको क्षेत्रलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

पर्यटकिय सडकहरू –

क) मेलचौर मनखोरिया चेटन जोरभिर सडक

ख) शिल्कु गोइमासे जोरभिर सडक

ग) रुगाँउ मेलचौर जोरभिर सडक

घ) खहरेखोला हे.पो. बुध्दपार्क सडक

निर्णय नं. – ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा सुनकोशी-५, सुनखानी भित्रका बाघखोर शिल्कु मेलचौर रुगाँउ भंगेरी सडकखण्ड देखि माथिल्लो भुभागमा पर्ने जोर भित्र आसपासला क्षेत्रलाई धार्मिक तथा पर्यटकिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. – ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा सुनकोशी-५, सुनखानी भित्रका जग्गाको नापी नक्सामा कायम रहेको गोरेटो बाटोवाट दाँयावाँया ५० मिटरको जग्गालाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. – ६

प्रस्ताव नं. ६ उपर छलफल गर्दा सुनकोशी-५, सुनखानीमा रहेका बिध्यालयहरु, पिकनिक क्षेत्र, खेलमैदान, क्याम्पस, स्वास्थ्य चौकी, सामुदायिक भवन, वृद्दाश्रम, अनाथालय आदिलाई सार्वजनिक उपभोग क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. – ७

प्रस्ताव नं. ७ उपर छलफल गर्दा सुनकोशी-५, सुनखानीमा रहेका  वन क्षेत्र र प्रचलित कानुनमा वन उल्लेख भएका क्षेत्रलाई वन क्षेत्रनै गर्ने निर्णय गरियो ।

निर्णय नं. – ८

प्रस्ताव नं. ८ उपर छलफल गर्दा सुनकोशी-५, सुनखानीमा प्रचलित कानुनमा खोला, खोल्सी उल्लेख भएका नापी विभागबाट प्राप्त भएका नक्सा गदि, ताल, सिमसार क्षेत्र उल्लेख भएको र कित्ता नापी जग्गामा खोला खोल्सी उल्लेख भएको क्षेत्र नदी खोला ताल सिमसार क्षेत्रमा बर्गिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. – ९

प्रस्ताव नं. ९ उपर छलफल गर्दा सुनकोशी-५, सुनखानी भित्र रहेका मठ, मन्दिर, गुम्वा, चर्ज, चैत्य, मस्जिद जस्ता सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदालाई सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा बर्गिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. – १०

प्रस्ताव नं. ९ उपर छलफल गर्दा सुनकोशी-५, सुनखानी भित्रका निर्णय नं. १ मा उल्लेख भएका मुख्य सडक खण्डको दाँयावाँया ५० मिटर भित्रको जग्गालाई व्यावसायिक क्षेत्रमा बर्गिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. – ११

प्रस्ताव नं. ११ उपर छलफल गर्दा माथी उल्लेखित बुदा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० भित्र पर्ने बाहेकका जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

**वडा नं. ६ का देहायका क्षेत्रहरु:**

सुनकोशी गाउँपालिका वडा नं. ६ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१. नापी विभागबाट प्राप्त नक्सामा उल्लेख भएको वन क्षेत्र र प्रचलित कानुनमा वन उल्लेख भएका क्षेत्रलाई वन क्षेत्रनै कायम गर्ने ।

२. प्रचलित कानुनमा खोला, खोल्सी उल्लेख भएका नापी विभागबाट प्राप्त भएका नक्सा नदि, ताल, सिमसार क्षेत्र उल्लेख भएको र कित्ता नापी नक्सामा खोला, खोल्सी उल्लेख भएको क्षेत्र नदी, खोला, ताल, सिमसार क्षेत्रमा बर्गिकरण गर्ने ।

३. विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, सामुदायिक भवन, अस्पताल, चौर, फुटबल (खेल) मैदान रंगशाला लगायतका सार्वजनिक उपयोगका क्षेत्रलाई सार्वजनिक उपभोगको क्षेत्रमा बर्गिकरण गर्ने ।

४. मठ, मन्दिर, गुम्वा, चर्ज जस्ता सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदालाई सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा बर्गिकरण गर्ने ।

५. व्यावसायिक क्षेत्रतर्फ –

लामोसाँघु जिरी सडक खण्डको ७ कि.मि. देखि १४ कि.मि. सम्मको ५० मिटर अर्धव्यास भित्रको जग्गाहरुलाई व्यावसायिक क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

६. तपशिल अनुसारका जग्गाहरुलाई आवासिय क्षेत्रमा बर्गिकरण गर्ने निर्णय गरियो ।

क) लामोसाँघु जिरी सडक खण्डको दाँया वाँया १०० मिटरको अर्धव्यास भित्रको जग्गाहरुलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

ख) ६ मिटर चौडा र ८ मिटर चौडा १२ कि.मि. टिमुरे सडक खण्डको बाया वाँया ५० मिटर अर्धव्यासका क्षेत्रहरुलाई आवास क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

ग) ९ किलो, सुन्दरडाँडा, रातामाटे, कल्लावारी, कुइले, धुसिने, पाखरदोभान, कात्तिके, कार्कीटोल, दुब्लेडाँडा, भालुखोप, तल्लोछाप, माथिल्लोछाप, धनेश्वारा, लप्से, भैसिकाटे, पोखरे, निग्रे, बिर्ताटोल, पाटीडाँडा, भिरकुना, ढोप्का, डाडाघर, कर्कले, बस्नेतटोल, गोलो एसेलुखर्क, सानोपाखर, तिनधारे, मंगलटोल, थापाटोल, खेतटोल, लप्सीवोट, अन्तर्पु, टिमुरे, सल्लेनी, सडकको ५० मिटर अर्धव्यासका क्षेत्रहरुलाई आवास क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

घ) निम्न अनुसारका शाखा सडकहरुको दायाँ वायाँ २५-२५ मिटर भित्रका जग्गाहरुलाई आवास क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

१) चारमाने गोल्मे सडक
२) ९ कि.मि. भण्डारीटोल, कात्तिके दुव्लेडाँडा सडक
३) कोल्दोङदेवी माथिल्लो टोल सडक
४) टिम्मुरे टारेटोल सडक
५) १४ कि.मी. मंगलटोल सडक
६) सानोपाखर मंगलटोल
७) ९ किमि सुन्दरडाँडा, रातामाटे, धुसिनी पाखरदोभान सडक
८) ९ किमि कल्लाबारी सडक
९) डाडाघर कर्कले सडक
१०) पाटिडाडा भिरकुना ढोक्पा सडक
११) १२ किमी ढोक्पा सडक
१२) १२ किमी बस्नेतटोल सडक
१३) सिमलडाडा सेरावेसी सडक
१४) पाटीडाडा निग्रे लप्से सडक
१५) ९ किमी पोखरेछाप धनेश्वारा सडक
१६) टुकीसंघ कार्कीटोल सडक
१७) तल्लिछाप धारादेखी सडक

१८) १० किमी कार्कीटोल सडक
१९) विर्ताटोल सडक
२०) पाटीडाडा खत्रीटोल सडक
२१) ८ किमी सारापानी सडक
२२) खेतटोल कोलडाडा सडक
२३) १३ किमी वस्नेतटोल सडक
२४) अन्तर्पु लप्सीबोट सडक
२५) कार्कीटोल भुमेस्थान थुम्पाखर सडक

७. नापि नक्सामा कायम गोरेटो वाटोबाट २५ मिटर दाया बाँया क्षेत्रहरुलाई आवास क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

८. माथी उल्लेखित बुदा नं. १,२, ३, ४, ५, ६, ७ भित्र पर्ने बाहेकका जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

९. माथी उल्लेखित निर्णयहरु परिमार्जन गर्नुपर्ने देखिएमा वडा समितिको वैठकको निर्णय बमोजिम हुनेछ ।

**वडा नं. ७ का देहायका क्षेत्रहरु:**

सुनकोशी गाउँपालिका वडा नं. ७ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१ यस वडा भित्रका निम्न सडकहरुका मापदण्ड कटाएर दाँया/बाँया १५० मिटर सम्मका जग्गाहरुलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो

<u>निम्न</u>

१ १ कि.मि. ड्यामसाइड सडक
२ लप्सेखोला किपङ गौश्वार सडक
३ बाल्का पात्ले पेट्कु सडक
४ डेढ कि.मि. सोदी जामुने जुगेपानी सडक
५ खाप्चौर कोठे सडक
६ खाडीचौर माझीगाउँ सडक
७ खोलेखेत खर्चले सडक
८ खोलेखेत गौरीजामुने सडक

९ १ कि.मि. नेपालटोल सडक

१० २ कि.मि. गैरीखोरिया सडक

११ पात्ले कालिकादेवी सडक

१२ लामोसाँघु पाङ्ग्रे सडक

१३ बाल्का डिही सडक

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस सुनकोशी गा.पा. वडा नं. ७ मा रहेको जग्गाको नापी नक्सामा कायम रहेको गोरेटो बाटोबाट दायाँ/बाँया ५० मिटरको जग्गाहरुलाई आवासिय क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सुनकोशी गा.पा. वडा नं. ७ मा रहेको खाडीचौर लामोसाँघु जिरि सडकको दाँया/बाँया मापदण्ड कटाएर १०० मिटरको क्षेत्रलाई व्यसायिक क्षेत्रमा वर्गिकरण गर्ने र व्यवसायिक क्षेत्र बाहेकको १०० मिटर आवासिय क्षेत्र कायम गर्ने निर्णय गरयो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस सुनकोशी गा.पा. वडा नं. ७ मा रहेको सुनकोशी जलविद्युत आयोजनाको क्षेत्रलाई औद्योगिक क्षेत्र र सुनकोशी किनारबाट ५० मिटरको क्षेत्रलाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा जग्गा वर्गिकरणको सम्बन्धमा आवश्यकता अनुसारको जग्गा वर्गिकरणका लागि वडा कार्यालयले थप छलफल गर्दै क्षेत्र निर्धारण गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस सुनकोशी गा.पा. वडा नं. ७ मा रहेको पाङ्ग्रे, लामोसाँघु, अर्चले, खोलेखेतलाई आवासिय क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस सुनकोशी गा.पा. वडा नं. ७ मा रहेको विद्यालयहरु, पिकनिक क्षेत्र, खेल मैदान, क्याम्पस आदिलाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस सुनकोशी गा.पा. वडा नं. ७ मा रहेको प्रचलित कानूनमा वन क्षेत्र भनि उल्लेख भएका जग्गाहरुलाई वन क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस क्षेत्रमा रहेको निम्न बमोजिमको नदी, खोला र खोल्साहरुलाई नदी, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

१ सनकोशी नदि

२ कुडुले खोला

३ दमाई खोल्चा

४ रुम्टे खोल्चा

५ सिर्नेरी खोला

६ सोदी खोला

७ लप्से खोला

८ खहरे खोला

९ तौथली खोला

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस सुनकोशी गा.पा. वडा नं. ७ मा रहेको मठ, मन्दिर, चर्च, गुम्बा आदीलाई साँस्कृतिक तथा पुरात्तात्विक महत्वको क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस सुनकोशी गा.पा. वडा नं. ७ मा रहेको माथि उल्लेखित निर्णय नं. १ देखि १० सम्मका क्षेत्रहरु बाहेकमा पर्ने बाँकी जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो ।



AMBIENCE CONSULT PVT. LTD.